नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(योजना शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं.०७३/७४ योजना

च.नं.: ९९४

मिति २०७३।११।२६

**विषय: श्रोतको सुनिश्चितता गरिएका योजनाहरूको विवरण पठाउने सम्वन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय, सवै**

**श्री महानगर/उपमहानगर/नगरपालिकाको कार्यालय, सवै ।**

उपर्युक्त सम्वन्धमा तहाँवाट बजेट माग गरी पठाएका योजनाहरूका सम्वन्धमा अर्थ मन्त्रालयसंग रकम निकासा माग गरी पठाइएको र अर्थ मन्त्रालयबाट विभिन्न मितिमा योजना कार्यान्वयनका लागि श्रोतको सुनिश्चितता प्रदान गरिएको व्यहोरा सम्वन्धी प्राप्त पत्रानुसार सोहि बमोजिमको व्यहोरा खुलाई प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम संशोधित कार्यक्रम स्वीकृत गराइ योजना कार्यान्वयन गरी चालु आ.व.भित्रै कार्य प्रगतिका आधारमा नियमानुसार कागजात संलग्न गरी निकासाको लागि माग गर्नुहुन भनी विभिन्न मितिमा यस मन्त्रालयबाट पत्राचार गरिएको व्यहोरा अवगत नै छ । यसरी श्रोत सुनिश्चितता भएका योजनाहरु समावेश गरी मन्त्रालयबाट पत्राचार गरिएका जिल्ला विकास समिति र नगरपालिकाहरूले २०७३ चैत्र मसान्तसम्म योजना सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुन र मिति २०७४ वैशाख १० गतेसम्म श्रोतको सुनुश्चितता भएका सम्पूर्ण योजनाहरूको यसैसाथ संलग्न विवरण बमोजिम एकमुष्ट रुपमा अनिवार्य खुलाई पठाउनु हुन मिति २०७३।११।२४को नेपाल सरकारको (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ**

**श्री सूचना तथा विधुतीय शासन शाखा,**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । पत्र मन्त्रालयको **Website** मा **Upload** गरिदिनु हुन अनुरोध छ ।

०७३।११।२६

(खेमराज जोशी)

शाखा अधिकृत

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## चालु आ.ब. २०७३।७४ मा सम्पन्न गर्ने गरी श्रोतको सुनिश्चितता भई सम्झौता गरेका योजनाहरुको विवरण

१. जिल्ला :

२. कुल योजना संख्या (श्रोतको सुनिश्चितता गरिएका)

रकम रु. हजारमा

| सि. नं. | योजनाको नाम/ठेगाना | योजनाको कुल लागत | लागत व्यहोर्ने श्रोत | | | | मन्त्रालयबाट श्रोतको सुनिश्चितता भएको रकम रु. | योजना | | योजना कार्यान्वयन प्रकृया | | | हाल सम्मको कार्य प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिविस (नेपाल सरकार) | उपभोक्ता समिति | अन्य निकाय भएमा उल्लेख गर्ने | कुल जम्मा | | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | उ.स. | ठेक्कापट्टा | अन्य | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | कुल जम्मा (अनिवार्य रुपमा उल्लेख गर्ने) | | | | | | | | | | | | |

<u>पुनश्च :</u>

* श्रोतको सुनिश्चितता गरी पत्राचार भएका जिल्ला विकास समिति र नगरपालिकाले मात्रै यो विवरण भरी पठाउनुपर्ने ।
* जिल्ला विकास समिति/नगरपालिकाहरुमा श्रोतको सुनिश्चितता भएका सम्पूर्ण योजनाको विवरण एकमुष्ठ रुपमा उल्लेख गर्नुपर्ने ।
* उल्लिखित मिति (२०७४।१।१०) भित्र प्राप्त हुन नसकेको विवरणका सम्बन्धमा अर्थ मन्त्रालयमा बजेट माग गर्न नसकिने ।
* उल्लिखित विवरण सहित मन्त्रालयले श्रोतको सुनिश्चितता गरेको पत्रको छायाँ प्रति अनिवार्य संलग्न गर्नुपर्ने ।